# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, वैशाख २७ गते, २०८१ साल (संख्या ४

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. १८ बुद्धनगरमा अवस्थित भारतको बथनाहा देखि नेपालको विराटनगर भन्सार यार्डसम्म कार्गो रेल आउने नेपाल रेल्वेको स्वामित्वमा रहेको नेपाल भन्सार यार्डको देहाय बमोजिमको क्षेत्रलाई विराटनगर भन्सार कार्यालयको थप भन्सार क्षेत्र र देहायको बाटोलाई रेल मार्फत हुने निकासी पैठारीको प्रयोजनको लागि भन्सार क्षेत्रको बाटो तोकेकोले यो सूचना प्रकाशन गरिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(क) भन्सार क्षेत्रः**

| दिशा | भन्सार क्षेत्रको चार किल्ला |
|---|---|
| पूर्व | दम्मादेवी जाने रोड भेडियारी १८ भित्रको क्षेत्र। |
| पश्चिम | राजाजी ग्राम देवता मन्दिर जाने बाटो भित्रको क्षेत्र। |
| उत्तर | एकीकृत भन्सार जाँचचौकी (Integrated Customs Check Post-ICP) को पर्खाल (कम्पाउण्ड वाल) भित्रको क्षेत्र। |
| दक्षिण | रेल्वे पिल्लर भेडियारी १८ भित्रको क्षेत्र। |
| | एकीकृत भन्सार जाँचचौकीको मूल गेटदेखि रेल्वे यार्ड सम्मको बाटोले चर्चेको क्षेत्र। |

**(ख) भन्सार क्षेत्रको बाटोः**

जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. १८ बुद्धनगरमा अवस्थित भारतबाट नेपाल प्रवेश गर्ने विन्दुदेखि नेपाल भन्सार यार्डसम्मको रेल्वे ट्र्याकको बाटो ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी युरोपियन इन्भेष्टमेन्ट बैङ्क (EIB) र एसियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैङ्क (AIIB) को ऋण सहायतामा नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित वितरण प्रणाली सुधार एवं विस्तार आयोजनामा खपत हुने उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयबाट स्वीकृत मास्टर लिस्ट अनुसारका सामग्रीको पैठारीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाग्ने भन्सार एक प्रतिशत लिई बाँकी सम्पूर्ण दस्तुर, शुल्क, महसुल छुट दिने र छुट भएको राजस्व रकमलाई नेपाल विद्युत प्राधिकरणमा नेपाल सरकारको शेयर लगानी कायम गर्ने निर्णय मिति २०८०।१२।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**डा. रामप्रसाद घिमिरे**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।